झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः८ संख्याः ४ मितिः २०८२/०८/२९

भाग २

झिमरुक गाउँपालिका


पारित /प्रमाणीकरण मितिः २०८२/०८/२९

**झिमरुक गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**

**प्रस्तावना** :

कृषि तथा पशुपन्छी पालन व्यवसाय प्रवर्द्धन गरी किसानको जीवनस्तरमा सुधार ल्याई गरिबी न्युनीकरणमा योगदान गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र झिमरुक गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरि झिमरुक गाउँकार्यपालिकाले **"झिमरुक गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२"** तयार गरि जारी गरेको छ।

## परिच्छेद-१

## नाम, परिभाषा र उद्देश्य

१. **नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " **झिमरुक गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२"** रहेको छ ।

ख. यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले झिमरुक गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ. "कानुन" भन्नाले संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुन सम्झनु पर्दछ ।

च. "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्दछ ।

छ. "कार्यविधि" भन्नाले " **झिमरुक गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**"लाई सम्झनु पर्छ ।

ज. "कृषि" भन्नाले जीवन धान्न र विकास वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिबुटी, फलफूल र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने बिरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउ जात) को खेती वा पालन र प्रजनन सम्बन्धी कार्य भन्ने बुझाउँछ ।

झ. "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न व्यक्ति, खाना वा कच्चा पदार्थ उत्पादनको लागि जीवित (बाली वा पशुपन्छी मत्स्य आदि) वस्तुको उत्पादनमा संलग्न व्यक्ति भन्ने बुझाउँछ।

३. <u>कार्यविधिको उद्देश्यः</u>

यस कार्यविधिको मूल उद्देश्य यस झिमरुक गाउँपालिकाको आफ्नो कार्य क्षेत्र भित्र अवलम्बन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा, सो को प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने र कृषक परिवारलाई कृषि सेवा प्रवाह गर्ने रहेको छ। यसका विशिष्ट उद्देश्यहरू देहाय अनुसारका रहेका छन् ।

क. कृषि प्रसार सेवालाई बहुपक्षीय एवं प्रभावकारी रुपमा सञ्चालनका लागि यस गाउँपालिका तथा वडा तहमा आवश्यक संस्थागत संरचना बनाउने र सो को प्रभावकारी परिचालनमा सहयोग गर्ने।

ख. यस झिमरुक गाउँपालिकाको आवधिक तथा वार्षिक कृषि विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।

ग. कार्यक्रम तर्जुमा तथा सञ्चालनमा राजनैतिक तथा प्रशासनिक जवाफदेहिताको सुनिश्चितता गर्न सहयोग गर्ने ।

घ. कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति निर्माण तथा

मापदण्ड निर्धारण गर्न सहयोग गर्ने ।

## परिच्छेद-२

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समिति सम्बन्धी व्यवस्था

४. कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समिति:

अनुदानको व्यवस्थापन, प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन, मुल्याङ्कन र सिफारिस गर्ने उद्देश्यले एवम् यस प्रक्रियालाई व्यवस्थापन गर्न देहाय बमोजिमको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समिति रहनेछ:

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | -संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग. कार्यपालिका सदस्य (२ जना, समितिले मनोनित गर्ने) | -सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | -सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | -सदस्य-सचिव |

१. समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

२. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरू मध्येबाट उप-समिति गठन गर्न सक्नेछ।

३ समितिको सेवा सुविधा तथा वैठक व्यवस्थापन सम्वन्धी खर्च कानुन बमोजिम हुनेछ।

परिच्छेद-३

## कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूको विवरण

**५. कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ।**

| क्र.स. | कार्यक्रमको विवरण | मापदण्डहरु | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेति तथा नविनतम कृषि प्रविधि विकास कार्यक्रम | कृषक समुह, सहकारी वा कृषि फर्म दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।<br>प्लाष्टिक टनेल, थोपा सिँचाइ, सिँचाई पाईप तथा प्लाष्टिक मल्चिङ सिटको लागि सूचना भए पश्चात आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ। | प्लाष्टिक टनेल, थोपा सिँचाइ, सिँचाई पाईप तथा प्लाष्टिक मल्चिङ सिटको खरिद। | ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल, थोपा सिँचाइ, सिँचाई पाईप तथा प्लाष्टिक मल्चिङ सिट उपलब्ध गराउन सकिनेछ। | |
| २ | व्यवसायिक कृषि फर्म विकास कार्यक्रम | प्रचलित कानुन बमोजिम गाउँपालिकामा दर्ता तथा नविकरण भएका कृषि फर्महरुले आवेदन दिन सक्नेछन्।<br>बाली वस्तुलाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ।<br>च्याउ, तरकारी खेती, अदुवा/बेसार खेती, सुन्तलाजात, ड्रागन फ्रुट, स्याउ आदि लाई प्रोत्साहन गरिनेछ।<br>तरकारी/ मसला बाली: कम्तिमा १ रोपनी | कार्यक्रमले सम्वोधन गर्ने क्षेत्रहरु:<br>कृषि वस्तु उत्पादन, सिचाई,प्रशोधन,बजारीकरण<br>फर्म घेराबार तथा संरक्षणका लागि आवश्यक सामाग्री खरिद। | सामाग्री खरिद र ढुवानीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फलफुल खेतिः कम्तिमा २ रोपनी<br>च्याउ खेतिः कम्तिमा १ वटा डुम हाउस | | | |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक समुह, सहकारी वा कृषि फर्म दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।<br>मौरिको घार राख्दा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा भौगोलिक अवस्था मिलेको हुनुपर्नेछ। कम्तिमा २० वटा घार मौरी पालन गरेको हुनु पर्नेछ। | मौरीपालनमा प्रयोग हुने विभिन्न आधुनिक उपकरण तथा घार सहितको मौरी खरिद। | आधुनिक उपकरण, घार सहितको मौरी खरिद र ढुवानीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। | |
| ४ | फलफुल बिरुवा वितरण कार्यक्रम | उन्नत जातको फलफुल बिरुवा वितरण गरि फलफुलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गरेको हुनु पर्नेछ।<br>सामुहिक वा एकल रुपमा एउटै कलस्टरमा बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइनेछ। | विभिन्न जातका उन्नत फलफुल बिरुवा खरिद, ढुवानी र वितरण। | फलफुल बिरुवाको जिल्ला दररेट/ प्रचलित दररेट/ सरकारी मुल्यमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।<br>ढुवानी १०० प्रतिशत अनुदान। | |
| ५ | भकारो तथा खोर सुधार कार्यक्रम | कृषक समुह, सहकारी वा निजी फर्म दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।<br>कम्तिमा ३ वटा गाई/भैंसी वा १० वटा माऊ बाख्रा वा २०० कुखुरा (स्थानीय जातको भए कम्तिमा १०० कुखुरा) पालेको हुनु पर्नेछ। | खोर/भकारो निर्माण तथा मर्मत सम्वन्धी सम्पुर्ण कृयाकलाप गर्न सकिनेछ। | प्राविधिक इस्टिमेट अनुसार योजना सम्झौता गरि काम सम्पन्न भए पश्चात कुल लागतको ५० प्रतिशत भुक्तानी गरिनेछ। | |

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. आवेदन तथा प्रस्ताव माग :

कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसुची-१ को ढाँचामा कम्तिमा २१ दिनको सूचना प्रकाशन गरी कृषि समुह/सहकारी/फर्म/कृषकसँग प्रस्ताव माग गर्नेछ।

७. आवेदन पेश :

सूचनामा तोकिए बमोजिमको कागजात सहीत दफा ५ मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसूची-२ बमोजिमको निवेदन र अनुसुचि ३ बमोजिमको कार्ययोजना सहीत कार्यलयमा आवेदन पेश गर्नुपर्नेछ।

८. प्रारम्भिक छनौट तथा सिफारिस :

दफा ७ बमोजिम प्राप्त आवेदन उपर दफा ४ बमोजिमको समितिले आफै वा उपसमिति गठन गरि फिल्ड भेरिफिकेसन र अनुसुचि ४ बमोजिम प्रस्ताव मुल्याङ्कन गर्नेछ। मुल्याङ्कन प्रतिवेदनको आधारमा समितिको बैठक बसि प्रस्ताव छनौट गरि सम्झौताको लागि सिफारिस गरिनेछ ।

९. सम्झौता प्रक्रिया :

१. छनौट भएका अनुदानग्राही र कार्यालय बिच स्वीकृत कार्ययोजना बमोजिम शर्तहरूमा सम्झौता गरिनेछ।

२. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरू तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद-५

## रकम भुक्तानी प्रक्रिया

१०. भुक्तानी प्रक्रिया :

१. कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराइने छैन। कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

२. कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ :-

क. सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात् खर्च भएको बिल भरपाईको सक्कल कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ ।

ख. सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ ।

ग. सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।

घ. सार्वजनिक सुनुवाइ गरेको माइन्युटको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

ङ. कुल लागत २ लाख वा सो भन्दा बढीको अनुदान कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरि सूचना पाटी राखेको हुनुपर्नेछ ।

## परिच्छेद-६

## कार्यक्रम सुपरीवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

### ११. सुपरीवेक्षण तथा अनुगमनः

कृषि तथा पशुपन्छी विकास कार्यक्रम अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| ख. आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ग. सम्वन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| घ. पशु सेवा शाखा प्रमुख | -सदस्य |
| ड. कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

कार्यक्रम सम्पन्न भई सम्बन्धित कृषकले फाइल पेश गरेको १५ दिनभित्र अनुगमन गरि अनुगमन समितिले प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-७

## विविध

१२. कारबाहीको व्यवस्था :

सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

१३. बाधा अड्चन निरुपण र संशोधन :

१. यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण झिमरुक गाउँपालिकाको कार्यपालिकाले गर्नेछ ।

२. यो कार्यविधिको आवश्यक संशोधन गर्न परेमा झिमरुक गाउँपालिकाको कार्यपालिका बैठकबाट संशोधन गर्न सकिनेछ ।

१४. खारेजी तथा बचाउ :

१. झिमरुक गाउँपालिकाको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९" खारेज गरिएको छ।

२. खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२"बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

**<u>सूचनाको ढाँचा</u>**

प्रथम पटक सूचनाको प्रकाशन मिति :..............................................

कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ अनुसारको झिमरुक गाउँपालिकाको ..................................शाखाको आ.व. .................. को................................................ कार्यक्रम अन्तरगत ......................................................................... कार्यक्रममा सहभागी हुन इच्छुक झिमरुक गाउँपालिकाका अधिकतम अनुदान सिमा ननाघ्ने गरी यो सूचना प्रकाशन भएका मितिले ................ दिनभित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी .....................................शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्तावको साथमा संलग्न गर्नुपर्ने कागजातहरू :**

१. प्रस्तावको सक्कल निवेदन।

२. समुह/सहकारी/फर्म नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

३. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

५. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि।

६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र।

८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने।

अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
झिमरुक गाउँपालिका , ......................... शाखा, झिमरुक, प्युठान।

विषय : ....................................कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ............................................... मा प्रकाशित गरिएको सूचना अनुसार .............................................. कार्यक्रममा सहभागी हुने योग्यता पुगेकाले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधीनमा रहि कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरू यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेको छु/छौ ।

संलग्न कागजातहरूः

१. प्रस्तावकको सक्कल निवेदन।

२. समुह/सहकारी/फर्म नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

३. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

५. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि।

६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र।

८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने।

निवेदक :
हस्ताक्षरः
नाम थरः
ठेगानाः
सम्पर्क नं.
समुह/सहकारी/फर्मको छापः

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

<u>कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा</u>

कार्यक्रमको नाम:

जिल्ला:

गा.पा.:

वडा नं:

समुह/सहकारी/फर्मको नाम:

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यावसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यावसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

६. तालिम सम्बन्धी विवरणः

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.स. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु. | नि.जी. लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरूः

उपलब्ध जग्गाको क्षेत्रफल: .........................

अपेक्षित वार्षिक प्रतिफल: ................................

योजना पेश गर्ने:

कृषकको नामः

ठेगानाः

दस्तखत:

मिति:

समुह/सहकारी/फर्मको छाप:

## अनुसूची-४
## (दफा ८ सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनका आधारहरू

कार्यक्रमको नामः

समुह/सहकारी/फर्मको नाम:

सम्पर्क व्यक्ति र नम्बरः

### मुल्याङ्कन फाराम

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १५ | | -बिद्युत, सडक, पानीको सुविधा भएको=१५<br>-विद्युत, सडक सुविधा भएको=१२<br>-सडक सुविधा भएको=१०<br>-केही नभएको=० |
| २ | भौगोलिक/प्राविधिक उपयुक्तता | १० | | -प्रस्तावित व्यवसाय व्यवसायिक रुपमा विगत देखि गरिरहेको=१०<br>-व्यवसाय गर्न नयाँ प्रस्ताव=८ |
| ३ | उत्पादित वस्तुको बजार योजना | १५ | | -आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको=१५<br>-उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको=१२<br>-सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको=१० |
| ४ | रोजगारी सिर्जना | २० | | -५ जना भन्दा वढी थप रोजगारी सिर्जना हुने=२०<br>-३ देखि ५ जना थप रोजगारी सिर्जना हुने= १५<br>-१ दखि २ जना थप रोजगारी सिर्जना हुने= १० |
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १५ | | -आफ्नै (व्यक्ति/संस्था) नगद व्यालेन्स रहेको =१५<br>-वित्तिय संस्थाबाट ऋण लिने=१०<br>-समुदायमा संकलन गरी जुटाउने=८<br>-लगानी क्षमता नभएको=० |
| ६ | सम्बन्धित विषयमा अध्ययन/तालिम वा बैदेशिक रोजगारीका बखत काम गरेको अनुभव | ५ | | -अध्ययन/तालिम/वैदेशिक रोजगारीका बखत सम्बन्धित काम गरेको कागजात रहेको=५<br>-विगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको=३ |

| | | | | |
|---|---|---|---|---|
| | | | | -नभएको=० |
| ७ | समावेशीता (दलित, जनजाती, अल्पसंख्यक, विपन्न, महिला आदि) | ५ | | -समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा वढी भएमा=५<br>-समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा=४<br>-समावेशीतामा तोकीएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा=३<br>-समावेशीतामा तोकीएका वर्ग/समुदायको प्रतिनिधित्व कुल २५% वा कम भएमा=१<br>-व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकीएको वर्ग/समुदाय=५ |
| ८ | अनुदानमा पहुँच | ५ | | -सोहि प्रकृतिको कार्यक्रममा हालसम्म अनुदान प्राप्त नगरेको=५<br>-विगतमा अनुदान प्राप्त गरेको=० |
| ९ | वातावरणीय प्रभाव व्यवस्थापन | ५ | | -सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको= ५<br>-सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको= ५<br>-सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि नगरेको=0 |
| १० | व्यवसाय विस्तार | ५ | | -व्यवसाय विस्तार गरिने क्रियाकलाप योजनामा समावेश गरेको=५<br>-व्यवसाय विस्तार गरिने क्रियाकलाप योजनामा समावेश नगरेको=० |
| कुल | | १०० | | |
| प्रस्ताव छनौट हुन न्युनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ। | | | | |

**स्थलगत फिल्ड भेरिफिकेसन टोलिको राय:**

| क. स. | राय दिनेको नाम,थर | पद | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहीत हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

## अनुसूची-५

## <u>दोहोरो अनुदान नलिएको स्वःघोषणा</u>

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

झिमरुक गाउँपालिका, ...................... शाखा, झिमरुक, प्युठान।

झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०....../२०..... को स्वीकृत कार्यक्रम अनुसार ............................................................कार्यक्रममा सहभागि भई अनुदान लिन इच्छुक रहेको र विगत दुई वर्ष देखि सोहि प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट उपलब्ध अनुदान (रकम/सामग्री/उपकरण/अन्य वस्तु) मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारीको सम्पत्तिवाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

नामथरः

ठेगानाः

सम्पर्क नं.

समुह/सहकारी/फर्मको छापः

## अनुसूची-६

**..........................................कार्यक्रम**

**सम्झौता-पत्र**

आर्थिक वर्ष ................./.............. मा संञ्चालन हुने ................................................कार्यक्रमको लागि कृषि विकास/पशु सेवा शाखा झिमरुक गाउँपालिका यस पछि प्रथम पक्ष भनिने र छनोट भएको कृषक समूह/ सहकारी/फर्म यस पछि दोश्रो पक्ष भनिने बिच मिति .......................... गते तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम संचालन गर्न सम्झौता भएको छ।

**शर्तनामाहरु:**

१. यो सम्झौता भएको मितिदेखि मिति ..................... सालको .......................महिनाको .........गते सम्म लागु हुनेछ।

२. दोश्रो पक्षले प्रस्तावित कार्यक्रम प्युठान जिल्ला झिमरुक गा.पा. वडा नं. .......... गाउँ/टोल ......................संचालन गर्नेछ।

३. प्रथम पक्षले सम्झौता अनुसार कुल कार्यक्रम लागत रु ........................... अक्षरुपी ........................................................मध्ये अनुदान/सामाग्री सहयोग वापत रु............................ अक्षरुपी ...............................................र दोश्रो पक्षले रु .......................... अक्षरुपी .................................................... व्यहोर्नु पर्नेछ।

४. दोश्रो पक्षले आफ्नो लगानीबाट सम्पन्न भएको कामको बिल/ भरपाई, जिन्सी सामाग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ।

५. दोश्रो पक्षले भुक्तानी माग गरेपछि प्रथम पक्षले प्राविधिक तोकी कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामाग्रीहरु दोश्रो पक्षलाई स्वत: हस्तान्तरण हुनेछ

६. दोश्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी संचालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत सम्झौता अनुसारको कार्य भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ र सुधार नदेखिए सम्झौता भङ्ग गरि हिनामिना भए बराबरको रकम दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

९. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ।

१०. अनुदान कार्यक्रमबाट सामूहिक स्वामित्व हुनेगरी खरिद गरिएका मेसिनरी/ संरचना सहुलियत दरमा परिचालन गर्नुपर्नेछ।

११. सम्झौता भई कार्यक्रम संचालन तथा सम्पन्न पश्चात स्थापना भएको संरचना वा प्रविधिको संचालन, मर्मत सम्भार तथा व्यवस्थापन र अप्रत्यासित विपदका दायित्व र जिम्मेवारी दोश्रो पक्षले व्यहोर्नु पर्नेछ।

१२. सम्झौतामा उल्लेखित कुनै बुँदाहरु कार्यान्वयनमा दुविधा उत्पन्न भई परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा सम्झौताको अवधि नसकिदै गर्न सकिनेछ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम संचालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

नोटः कार्यालयले सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थप गर्न सक्नेछ।

प्रथम पक्षको तर्फबाट :

नाम:

पद:

दस्तखत:

मिति:

कार्यालयको छाप:

दोश्रो पक्षको तर्फबाट :

नाम:

पद:

दस्तखत:

मिति:

संस्थाको छाप:

रोहवर :

नाम:

पद:

दस्तखत:

मिति:

रोहवर :

नाम:

पद:

दस्तखत:

मिति:

इति सम्वत .......... साल ............... महिना .................. गते ........... रोज शुभम्।

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२/०८/२९ गते पारित **"झिमरुक गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा तथा व्यवस्थापन कार्यविधि, २०८२"** झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम (४) बमोजिम प्रमाणीकरण गर्दछु।

विकास के.सी.

प्रमुख प्रशासकीय अधिकृत